**खाँडाचक्र नगरपालिकाद्धारा प्रकाशित**

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः २ मितिः २०७७/१२/०३

भाग -२

## छात्रवृती वितरण सम्वन्धी कार्यविधि २०७७

खाँडाचक्र नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

**मान्म, कालिकोट**

**कर्णाली प्रदेश, नेपाल**

# खाँडाचक्र नगरपालिकाकोछात्रवृति वितरण सम्बन्धि कार्यविधि २०७७

नगरपालिकाकावाट स्वीकृत भएको मिति २०७७/११/२५

खाँडाचक्र नगरपालिकामा प्राविधिक जनशक्ती तथा विशेषज्ञ उत्पादन गर्ने उद्देश्यले गरिब दलित जेहन्दार विद्याथीलाई छात्रवृति प्रदान गर्न वान्छनीय भएकोले खाँडाचक्र नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद –१

## प्रारम्भिक

**सम्क्षिप्त नाम र परिभाषा**

१ संक्षिप्त नाम र प्रारम्भ

- क यो कार्यविधिको नाम "खाँडाचक्र नगरपालिकाको छात्रवृति वितरण कार्यविधि, २०७७" रहेको छ ।
- ख यो कार्यविधि नगरपालिकाको क्षेत्रभर लागू हुनेछ ।
- ग यो कार्यविधि कार्यपालिकाकाले स्विकृत गरे पश्चात लागू हुनेछ ।

२. परिभाषा विषय र प्रसंगले अको अर्थ नलागेमा यस कार्यविधिमा

- क "कार्यपालिका" भन्नाले खाँडाचक्र नगरपालिकाकालाई सम्झनु पर्दछ ।
- ख नगरप्रमुख" भन्नाले खाँडाचक्र नगरपालिकाको नगर प्रमुख लाई सम्झनु पर्दछ ।
- ग "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले खाँडाचक्र नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।
- घ "एम बि बि एस" भन्नाले चिकित्सा विज्ञान विषयको स्नातक तहलाई सम्झनु पर्दछ ।
- ङ "वि भि एस्सी एण्ड एच" भन्नाले पशु चिकित्सा वि ज्ञान विषयको स्नातक तहलाई सम्झनु पर्दछ ।

च "बी एस सि एजी" भन्नाले कृषि विज्ञान विषयको स्नातक तहलाई सम्झनु पर्दछ

छ "बी एस्सी फरेष्टी" भन्नाले बन विज्ञान विषयको स्नातक तहलाई सम्झनु पर्दछ ।

ज "शिक्षा युवा तथा खेलकूद शाखा" भन्नाले नगरपालिकामा रहेको शिक्षा हेर्ने विभाग वा इकाइलाई सम्झनु पर्दछ ।

झ "सिटिइ भिटिइ " भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायीक तालिम परिषद सम्झनु पर्दछ ।

ञ "सामुदायिक विद्यालय " भन्नाले स्थानीय तह वा व्यवस्थापन समितिले जिम्मा लिएको विद्यालयलाइ सम्झनु पर्दछ ।

ट "डिप्लोमा" भन्नाले प्राविधिक प्रविणता प्रमाणपत्र तहको जुन सुकै कोर्ष लाइ सम्झनु पर्दछ ।

ठ "एल एल बी" भन्नाले काननु विषयको स्नताक तहलाई सम्झनु पर्दछ ।

ड "बी ई" भन्नाले ईन्जिनियरिङ विषयको स्नातक तहलाई सम्झनु पर्दछ ।

## परिच्छेद–२

## छात्रवृति प्रदान विषय र आवश्यक न्युनतम योग्यता

यो कार्यविधि अन्तर्गत प्राविधिक विषयमा प्रविणता प्रमाणपत्र र स्नातक तहमा अध्ययनको लागि तपशीलमा उल्लेख भए बमोजिमको कोषहरु अध्ययन छात्रवृति प्रदान गर्न सक्नेछ । छात्रवृति प्रदान गर्दा जम्मा लाग्ने शुल्कको बढीमा ४० प्रतिशत सम्म प्रदान गर्न सक्नेछ ।

३. प्रविणता प्रमाणपत्रतह

१. डिप्लोमा इन एग्रिकल्चर (बाली विज्ञान)

२. डिप्लोमा इन एग्रिकल्चर (पशु विज्ञान)

३. डिप्लोमा इन फोरेष्टी

४. डिप्लोमा इन सिभिल ईन्जिनियरिङ

५.	डिप्लोमा इन इलेक्ट्रीकल एण्ड इलेक्ट्रोनिक्ट्स ईन्जिनियरिङ

६.	प्रमाणपत्र तह सामान्य चिकित्सा

७.	प्रमाणपत्र तह मेडिकल ल्याब टेक्नोलोजी

८.	प्रमाणपत्र तह डेण्टल साइन्स

९.	प्रमाणपत्र तह अप्थामिल्क विज्ञान

४ .	स्नातक तह

१.	बी. फार्मेसी

२.	बी एस्सी एजी

३.	बी भि एस्सी एण्ड ए एच

४.	एम वि वि एस

५.	बी ई (सिभिल एण्ड मेकानिकल)

६.	एल एल वि

७.	बी फोरेष्टी

८.	बि  नर्सिङ

छात्रवृति प्राप्त गर्न आवश्यक न्युनतम    योग्यता  वा प्राप्तांक को हकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, विश्वविद्यालय तथा शिक्षण संस्थाले तोकेको न्युनतम मापदण्ड अनुसार हुनेछ

## परिच्छेद –३

## छात्रवृतिको लागि आधारभतू मापदण्ड

५.	देहाएका  मापदण्ड  वा योग्यता पुगेको अवस्थामा मात्र अनुसुचि १ बमोजिमको निवेदन उपर कारबाही गरी यो छात्रवृति प्रदान गर्न सक्नेछ  ।

क	खाँडाचक्र  नगरपालिका भित्र स्थायी बसोबास,

ख	अति विपन्न/जेहेन्दार/दलित

ग	फौजदारी अभियोगमा कसुरदार नठहरिएको,

घ	नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, विश्वविद्यालय तथा शिक्षण संस्थाले तोकेको न्युनतम मापदण्ड पुरा गरेको,

ङ	सामुदायिक विद्यालय बाट एस एल सी/एसईई वा कक्षा ८, ९ उत्तीर्ण गरेको, अनसुचि २ बमोजमको प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेको

यस परिच्छेदमा जुन सुकै कुरा लेखिएको भएतापनि एउटै व्यक्ति वा विद्यार्थिले यो छात्रवृति एक पटक मात्र पाउनेछ ।

## परिच्छेद –४
## छात्रवृत्ति छनौट तथा सिफारिस समिति

६.	छात्रवृति प्रदान गर्ने प्रयोजनको लागि नगरपालिकालाई सिफारिस गर्न देहाय बमोजिमको छात्रवृति छनौट तथा सिफारिस समिति रहने छ ।

| | |
|---|---|
| क. नगरपालिका नगरप्रमुख | संयोजक |
| ख. नगरपालिका उपप्रमुख | सदस्य |
| ग. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ. स्वास्थ शाखा प्रमुख | सदस्य |
| ङ. पशु सेवा शाखा प्रमुख | सदस्य |
| च. कृषि शाखा प्रमुख | सदस्य |
| छ. वडा अध्यक्षहरु ५ जना | सदस्य |
| ज. संयोजकले तोकेको सामुदायिक विद्यालयको १ जना प्र.अ | सदस्य |
| झ. शिक्षा युवा तथा खेलकूद शाखा प्रमुख | सदस्य सचिव |

७.	छात्रवृति छनौट तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकार :

छात्रवृति छनौट तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क	छात्रवृति शिर्षकमा बजेट विनियोजन तथा ब्यवस्था गर्ने,

ख	नगरपालिका भित्र अति विपन्न, जेहेन्दार विद्यार्थीको पहिचान गर्ने/गर्न लगाउने,

ग	छात्रवृतिको लागि उम्मेदवार छनौट गरी नगरपालिकालाई सिफारिस गर्ने,

घ	छात्रवृतिका लागि मनोनयन भएका उम्मेदवारसँग अनसुची २ बमोजमको ढाचाँमा प्रतिबद्धता पत्र तयार गर्ने/गर्न लगाउने,

ङ	उम्मेदवारको प्रगति विवरण बारे नगर कार्यपालिकालाई जानकारी गराउने,

च	नगर कार्यपालिकाबाट तोके बमोजिम अन्य कार्य गर्ने ।

## परिच्छेद –६
## छात्रवृत्ति कोषको स्थापना

८. कोषको स्थापना :

क	छात्रवृति प्रदान गने उद्देश्यले नगरकार्यपालिका को मातहतमा रही छुट्टै छात्रवृति कोषको स्थापना गरिनेछ ।

ख	कोषको आय रकम सकंलन तथा व्यय रकम परिचालनको लागि नगरपालिकाको संचित कोष रहको वित्तिय संस्थामा एउटा छुट्टै खाता खोली सञ्चालन गरिनेछ ।

ग	नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट उक्त खाता सञ्चालन गरिनेछ ।

दफा ८ मा जनु सुकै कुरा उल्लेख भएता पनि कोषको स्थापना भई नसकेको अवस्थामा नगरकार्यपालिकाले निर्णय गरी छनौट भएका उम्मेदवारलाई निजको व्यक्तिगत खाता मार्फत सोझै भुक्तानी गरिनेछ ।

९.	कोषको आम्दानी : कोषमा देहाय बमोजमको स्रोतहरु आम्दानीको रुपमा जम्मा हुने छ ।

क	नगरपालिकाको बार्षिक बजेट मार्फत छात्रवृत्ति कोषमा जम्मा हुने रकम,

ख	सरकारी तथा गैर सरकारी संघ संस्था तथा अन्य दाताहरुबाट प्रचलित काननु बमोजम प्राप्त रकम,

ग	ब्यक्तिगत रुपमा प्राप्त शैक्षिक सहयोग,

घ	कोषको लागि अभियानबाट जम्मा भएको रकम ।

## परिच्छेद –७

## कोषको लेखा परिक्षण

१०. कोषको आय व्ययको लेखा प्रचलित कानुन बमोजम राख्नु पर्नेछ ।

११. कोषको आन्तरिक लेखा परीक्षण नगरपालिकाको आन्तरिक लेखापरीक्षण शाखाबाट र अन्तिम लेखापरीक्षण प्रचलित कानुन बमोजम हुनेछ ।

# अनुसुची –१

## छात्रवृत्ति आवदेन फाराम

दुवै कान
देखिने
हालसालैको
फोटो

मितिः २०....../....../......

प्रस्ततु विषयमा यस नगरपालिकाको वडा नं. ...... स्थायी निवासी .................................. को नाति/नातिनि ............ को छोरा/छोरी म ............................... ले नगरपालिकाबाट वितरण हुने छात्रवृति .................... संकायको ......................... विश्वविद्यालयको ........................ डिप्लोमा/स्नातक तह .......................... विद्यालय क्याम्पसमा/ अध्ययनको लागि छात्रवृति पाउँ भनि यो निवेदन पेश गर्दछु ।

| क्र.स | शैक्षिक संस्था | शैक्षिक वर्ष | प्राप्ताकं | कै. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

निवदेक
नाम,थर
दस्तखत

## अनुसुची -२

## प्रतिबद्धतापत्र

यस नगरपालिकाको वडा न. .......... निवासी........................ को नाति/नातिनी. ...................... छोरा/छोरी म....................ले नगरपालिकाबाट वितरण हुने छात्रवृति प्राप्त गरी अध्ययन गर्ने पाएको खण्डमा अध्ययन समाप्त पश्चात नगरपालिकामा २ (दुइ) वर्ष सेवा गने प्रतिबद्धता जाहरे गर्दछु ।

...................
हस्ताक्षर

औठाको छापँ

| **दायाँ** | **बायाँ** |
|---|---|
| | |

आज्ञाले
खड्क प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत